प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, मंसिर १२ गते, २०८२ साल (अतिरिक्ताङ्क २२

भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः कोशी प्रदेश अन्तर्गत पर्यटन प्रवर्द्धन, पर्यटन विकास, पर्यटन वर्ष, पर्यटकीय दशक लगायतका पर्यटन विकास सम्बन्धी कार्यक्रमलाई उद्देश्यमूलक बनाई कार्यविधिगत एवं प्रक्रियागत सहजीकरण गर्दै कार्यक्रम निजी तथा अन्य क्षेत्रको सहयोग एवं समन्वयमा अल्पकालीन एवं दीर्घकालीन कार्यक्रम सञ्चालनलाई व्यवहारीक तथा वस्तुनिष्ठ बनाउन र कार्यक्रम खर्चलाई मितव्ययी तथा पारदर्शी कायम गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले पर्यटन वर्ष, पर्यटन दशक, सम्मेलन, समारोह, दिवस, पर्यटन प्रवर्द्धन लगायत पर्यटन विकासका लागि मन्त्रालय अन्तर्गत वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गरिएका पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम एवं क्रियाकलापलाई सम्झनु पर्छ र सो शब्दले निर्देशक समितिले निर्णय गरी पर्यटन प्रवर्द्धनका लागि गरिने सभा सम्मेलन समेतलाई जनाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ख) **"निर्देशक समिति"** भन्नाले दफा ७ बमोजिम गठन भएको निर्देशक समितिलाई सम्झनु पर्छ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(घ) **"पर्यटन वर्ष"** भन्नाले प्रदेश सरकारले अभियानका रुपमा घोषणा गरेको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ लाई सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(च) **"सचिवालय"** भन्नाले दफा १० बमोजिम गठन भएको सचिवालय सम्झनु पर्छ।

३. <u>कार्यक्रम एवं बजेट व्यवस्थापनः</u> (१) मन्त्रालयले पर्यटन वर्ष, पर्यटन दशक, पर्यटन प्रवर्द्धन लगायत पर्यटन क्षेत्रको विकास गर्न वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम स्वीकृत गर्दाका बखत त्यस्तो कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले बजेट व्यवस्थापन तथा स्वीकृत गर्नु पर्नेछ।

(३) बजेट तथा कार्यक्रम स्वीकृत नभई यस कार्यविधि बमोजिम कुनै पनि कार्यक्रम सञ्चालन गरिने छैन।

(४) यस कार्यविधि अनुसार कार्यान्वयन गरिने कार्यक्रमको बजेट सचिवालय मार्फत् खर्च गर्ने गरी मन्त्रालयले विनियोजन गर्नु पर्नेछ।

४. <u>कार्यक्रम खर्च, खाता सञ्चालन तथा लेखापरीक्षणः</u> (१) कार्यक्रम खर्चको खाता सञ्चालन सचिवालयका प्रमुख वा निजले तोकेको अधिकृस्तरको कुनै कर्मचारी र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(२) सार्वजनिक खर्चका मूल्य मान्यता एवं सिद्धान्त र सार्वजनिक खर्च सम्बन्धी प्रचलित कानुन बमोजिम खर्चको लेखा तथा लेखापरीक्षण हुनेछ।

५. <u>खरिद प्रक्रिया सञ्चालन कार्यविधिः</u> (१) समितिले कार्यक्रम कार्यान्वयन गर्दा कार्ययोजना, लागत अनुमान, क्रियाकलाप र परिणाम समेत उल्लेख गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनको कार्ययोजना तर्जुमा गर्दा खर्च शीर्षकको आइटम वाइज बजेट छुट्याइएको हुनु पर्नेछ।

(३) वस्तु, सेवा वा परामर्श खरिद गर्नु पर्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्दा त्यस्तो वस्तु, सेवा वा परामर्श खरिद गर्ने तरीका लगायतका सम्झौता सम्बन्धी कुराहरू समेत उल्लेख गरी स्वीकृतिका लागि सचिवालयले निर्देशक समितिमा पेस गर्नु पर्नेछ।

(४) यस दफा अनुसार सचिवालयले कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना सहित पेस गरेका प्रस्तावहरू निर्देशक समितिबाट स्वीकृत गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेस गरिएका प्रस्तावका सम्बन्धमा कुनै कागजात अपुग भएमा वा थप पुष्ट्याई गर्नु पर्ने देखिएमा निर्देशक समितिले त्यस्तो अपुग कागजात वा थप पुष्ट्याई पेस गर्न सचिवालयलाई निर्देशन दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(६) उपदफा (५) बमोजिम निर्देशक समितिले दिएको निर्देशन पालना गरी सचिवालयले कागजात वा पुष्ट्याई पेस गर्नु पर्नेछ।

(७) उपदफा (३) र (५) अनुसार कार्यक्रम कार्यान्वयनको कार्ययोजना, लागत अनुमान, खरिद विवरण, खर्च शीर्षक सहित पेस भएका प्रस्ताव निर्देशक समितिले स्वीकृत गर्नु पर्नेछ।

(८) निर्देशक समितिबाट स्वीकृति प्राप्त गरेपछि सचिवालयले कार्यक्रम कार्यान्वयन गर्नेछ।

(९) सचिवालयले कार्यक्रम कार्यान्वयन प्रचलित कानून बमोजिम गर्नेछ।

६. <u>मूल आयोजक समितिको गठनः</u> (१) यस कार्यविधि अनुसार कार्यान्वयन गरिने कार्यक्रम अन्तर्गत मनाइने पर्यटन वर्ष, सभा, सम्मेलन, समारोह वा पर्यटन प्रवर्द्धन सम्बन्धी कुनै दिवसलाई भव्य रुपले मनाई प्रदेशलाई एक आकर्षक पर्यटकीय गन्तव्यको रुपमा पहिचान गराउने उद्देश्य प्राप्तिका लागि प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा एक मूल आयोजक समिति गठन हुनेछ।

(२) मन्त्रालयका प्रदेश सचिवले उपदफा (१) बमोजिमको समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन्।

(३) उपदफा (१) बमोजिमको समितिमा अनुसूची-१ मा उल्लेख भए बमोजिमका अन्य सदस्य रहनेछन्।

(४) मूल आयोजक समितिले आफ्नो काम कारबाही आफैं निर्धारण गर्नेछ र पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

एवं कार्यान्वयनमा निर्देशक समितिलाई निर्देशन दिई सोको अनुगमन समेत गर्नेछ।

७. <u>निर्देशक समितिको गठन:</u> (१) यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन एवं सञ्चालनका लागि आवश्यक निर्णय गर्न मन्त्रालयका मन्त्रीको संयोजकत्वमा एक निर्देशक समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा पर्यटन सम्बन्धी विज्ञता प्राप्त व्यक्ति एक र पर्यटन व्यावसायी प्रतिनिधि एक गरी दुईजना सहसंयोजक रहनेछन्। संयोजकको मनोनयन मूल आयोजक समितिका अध्यक्षबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा निजी क्षेत्र लगायत अन्य विधाका पर्यटन व्यावसायी मध्ये कम्तीमा दुईजना महिला सहित बढीमा सातजना संयोजकबाट समितिको सदस्यको रुपमा मनोनयन गरिनेछ।

(४) मन्त्रालयका सचिवले निर्देशक समितिको सदस्य सचिवको रुपमा कार्य गर्नेछ।

(५) निर्देशक समितिको बैठकले निर्णय गरी आवश्यक ठानेका अन्य व्यक्ति/संस्थालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

८. <u>निर्देशक समितिको बैठक सम्बन्धी व्यवस्था:</u> (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) निर्देशक समितिको बैठकको समन्वय सम्बन्धीत सदस्य-सचिवले गर्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निर्देशक समितिको बैठकमा सम्बन्धीत विषयका विज्ञलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

९. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि अनुसार कार्यान्वयन गरिने वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

(ख) सचिवालय मार्फत् कार्यक्रम कार्यान्वनयका लागि तयार गरिएका कार्ययोजना, लागत अनुमान, खरिद लगायत पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम तथा प्रस्ताव स्वीकृत गर्ने।

(ग) कुनै स्थानीय तहको सहकार्य वा साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो स्थानीय तहको कार्य एवं भूमिका निर्धारण गरी आवश्यक बजेट व्यवस्था गर्ने।

(घ) सचिवालयबाट पेस भएका कार्यक्रमहरूको खर्च अनुमोदन गर्ने।

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयनको सिलसिलामा कार्यक्रमसँग सम्बन्धीत भैपरी आएको खर्चलाई औचित्य र कारण खुलाई सम्बन्धीत खर्च गर्ने व्यक्ति, संस्था तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

निकायले सचिवालय मार्फत् पेस गरेको खर्चको अनुमोदन गर्ने।

(च) सङ्घीय सरकार, स्थानीय तह र निजीक्षेत्रसँग समन्वय र सहकार्य गर्ने।

(छ) सुरक्षा व्यवस्थापनका लागि समन्वय गर्ने।

(ज) पर्यटन प्रवर्द्धनका लागि उचित ठानेका अन्य कार्य गर्ने, गराउने।

(झ) निर्देशक समितिले नीतिगत मार्गदर्शन बाहेकका अन्य विषयमा निर्णय गर्न सचिवालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) निर्देशक समितिले पर्यटन विज्ञ, निजी क्षेत्र लगायत अन्य विधाका पर्यटन व्यावसायी सदस्यको संयोजकत्वमा आवश्यकताका आधारमा देहाय बमोजिमको बढीमा पाँच सदस्यीय उपसमिति गठन गर्न सक्नेछः-

(क) धार्मिक तथा साँस्कृतिक व्यवस्थापन उपसिमिति

(ख) प्रचार प्रसार तथा प्रवर्द्धन उपसमिति

(ग) सीमावर्ति क्षेत्र बजारीकरण तथा समन्वय उपसमिति

(घ) ग्रामीण पर्यटन तथा हस्तकला प्रवर्द्धन उपसमिति

(ङ) मेलामहोत्सव व्यवस्थापन तथा समन्वय उपसमिति

आन्तरिक मामिला तथा कानून मन्त्रालय विराटनगर

(च) अतिथि सत्कार तथा व्यवस्थापन उपसमिति

(३) उपदफा (२) बमोजिमका उपसमितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>सचिवालय सम्बन्धी व्यवस्थाः</u> (१) पर्यटन वर्ष लगायतका कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न मन्त्रालयमा एक सचिवालय स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-२ बमोजिमका जनशक्ति रहनेछ।

(३) मन्त्रालयको प्रदेश सचिवले सचिवालय प्रमुखको रुपमा कार्य गर्नेछ।

(४) उपदफा (२) बमोजिमको जनशक्तिमध्ये करार र परामर्श सेवाबाट राखिने जनशक्तिको तलब भत्ता कार्यक्रमबाटै भुक्तानी हुने गरी मन्त्रालयले व्यवस्थापन गर्नेछ।

(५) सचिवालयले निर्देशक समितिको निर्णय बमोजिम विशेषज्ञ सेवा आवश्यक भएमा सचिवालयले प्रचलित आर्थिक ऐन तथा नियमको अधीनमा रही विशेषज्ञ सेवा लिन सक्नेछ।

११. <u>सचिवालयको काम, कर्तव्य र अधिकारः</u> (१) यस कार्यविधिमा अन्यत्र लेखिएका कामका अतिरिक्त सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा क्रियाकलाप छनौट गरी निर्देशक समिति समक्ष पेस गर्ने।

(ख) कोशी प्रदेशको हर्कपुर, सल्लेरी, हलेसी जस्ता पर्यटकीय गन्तव्यमा पर्यटकको सुविधाका लागि सम्पर्क कार्यालय तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

सूचना केन्द्र राख्न आवश्यक भएमा बजेट तथा कर्मचारीको व्यवस्थापन गर्न निर्देशक समिति समक्ष पेस गर्ने।

(ग) विभिन्न निजी तथा सरकारी संस्थाद्वारा गरिने पर्यटन प्रवर्द्धन सम्बन्धी महोत्सव, मेला, पर्व, समारोह, प्रदर्शनी लगायतका कार्यक्रममा आवश्यकता अनुसार निर्देशक समितिको स्वीकृति लिई प्रायोजन, सह-प्रायोजन, सहकार्य, सहयोग वा साझेदारी गर्ने।

(घ) पर्यटन प्रवर्द्धन तथा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रचार प्रसार गर्ने, गराउने।

(ङ) कार्यक्रम कार्यान्वयनका लागि प्रयोगमा ल्याइने पर्यटन प्रवर्द्धन सम्बन्धी स्टिकर, ब्रोसर, होर्डिङ बोर्ड, पर्चा, पम्पलेट, डिजिटल बोर्ड लगायतका प्रचार सामग्रीहरूको व्यवस्थापन निर्देशक समितिको स्वीकृत लिई गर्ने, गराउने।

(च) स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सङ्घ, अन्तर प्रदेश, स्थानीय तह तथा निजी क्षेत्र एवं गैरसरकारी संस्था बिच समन्वय गर्ने, गराउने।

(छ) पर्यटन वर्ष लक्षित तालिम, प्रशिक्षण, भ्रमण, कार्यशाला गोष्ठीको आयोजना गर्ने, गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

(ज) पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पहिचान गरी सम्मान गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने।

(झ) निर्देशक समितिले स्वीकृत गरेका कार्यक्रम कार्यान्वनयको कार्ययोजना एवं लागत अनुमानको सिमाभित्र रही वस्तु तथा सेवाको खरिद गर्ने।

(ञ) निर्देशक समिति तथा यस कार्यविधि अनुसार गठित हुने उपसमितिको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, भौतिक, जनशक्ति तथा अभिलेख व्यवस्थापन लगायतका कार्य गर्ने।

(ट) पर्यटन वर्षको कार्यक्रमको अन्तरदेशीय प्रचार प्रसारका लागि आवश्यकता र औचित्य खुलाई विज्ञापन एजेन्सी मार्फत् स्वदेशी तथा विदेशी टेलिभजन च्यानल, समाजिक सञ्जाल तथा वेभसाइट जस्ता विद्युतीय र डिजिटल सञ्चार माध्यमबाट गर्ने व्यवस्था मिलाउने।

(ठ) यस कार्यविधि अनुसार कार्यान्वयन गरिएका कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यक्रमको उपलब्धि, भोगाई, समस्या, समाधानका उपाय समेत समावेश भएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेस गर्ने।

(ड) प्रदेश सरकार, मन्त्रालय तथा निर्देशक समितिले सचिवालयबाट गर्नुपर्ने भनि तोकिदिएका वा अधिकार प्रत्यायोजन गरी दिएका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम वार्षिक कार्यक्रम तथा क्रियाकलाप छनौट गर्दा अनुसूची-३ मा उल्लिखित क्षेत्रलाई प्रथमिकता दिनु पर्नेछ।

१२. <u>पारिश्रमिक र अन्य सुविधाः</u> (१) यस कार्यविधि अनुसार गठित समिति तथा उपसमितिका सदस्यलाई अनुसूची-४ मा उल्लेख भए बमोजिम बैठक भत्ता, भ्रमण भत्ता र यातायात खर्च सचिवालयले उपलब्ध गराउनेछ।

(२) सचिवालयमा काम गर्ने कर्मचारी एवं पदाधिकारीलाई कार्यवोझको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा निर्देशक समितिको निर्णय अनुसार सचिवालयले आवश्यकता अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

१३. <u>अवैतनिक सद्भावना दूत नियुक्त गर्न सक्ने:</u> पर्यटन वर्षमा सञ्चालन गरिने कार्यक्रम, पर्यटकीय क्षेत्रको प्रचार प्रसार र प्रवर्द्धनका लागि कोशी प्रदेश तथा राष्ट्रिय पहिचानसँग जोडिएका ख्यातिप्राप्त व्यक्तिलाई सचिवालयको सिफारिसमा निर्देशक समितिले पर्यटन सद्भावना दूत नियुक्त गर्न सक्नेछ।

१४. <u>साझेदारी एवं सहकार्यः</u> यस कार्यविधि अनुसार पर्यटन प्रवर्द्धन सम्बन्धी कुनै कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तह, निजी क्षेत्र,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

गैर आवासीय नेपाली सङ्घ संस्था, उद्योग व्यावसायी, व्यापार प्रवर्द्धन सम्बन्धी सङ्घ संस्थासँग मोडालिटी निर्धारण गरी निर्देशक समितिले आवश्यक साझेदारी तथा सहकार्य गर्न सक्नेछ। साझेदारी र सहकार्य अन्तर्गत गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्देशक समितिले निर्धारण गर्नेछ।

१५. <u>निर्णय एवं निर्देशन पालना गर्नु पर्नेः</u> पर्यटन प्रवर्द्धन सम्बन्धमा प्रदेश सरकारले गरेका निर्णय एवं दिएका निर्देशनहरू निर्देशक समितिले पालना गर्ने गराउनेछ।

१६. <u>बाधा अडकाउ फुकाउः</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आइ परेमा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

१७. <u>खारेजी र बचाउः</u> (१) कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) यो कार्यविधि जारी हुनुअघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

अनुसूची-१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

मूल आयोजक समितिमा रहने अन्य सदस्य

१. प्रदेश मन्त्रिपरिषद्का सदस्यहरू
२. प्रदेश सभाका सभामुख तथा उपसभामुख
३. प्रदेश सभा सदस्यहरू
४. विराटनगर महानगरपालिकाका प्रमुख
५. जिल्ला समन्वय समितिका प्रमुखहरू
६. प्रदेश सरकारका प्रमुख सचिव
७. उपमहानगरपालिकाका प्रमुखहरू
८. मुख्य न्यायाधिवक्ता
९. नेपाली सेनाका पूर्वी पृतना प्रमुख
१०. प्रदेश लोकसेवा आयोगका अध्यक्ष तथा सदस्यहरू
११. प्रदेश योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू
१२. राजनैतिक दलका प्रदेश अध्यक्षहरू
१३. कोशी प्रदेशका स्थानीय तहका प्रमुखहरू
१४. प्रदेश सरकारका मन्त्रालय, आयोग र सचिवालयका सचिवहरू
१५. नेपाल नगरपालिका संघ प्रदेश अध्यक्ष
१६. गाँउपालिका राष्ट्रिय महासंघ प्रदेश अध्यक्ष
१७. पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति
१८. मनमोहन विश्वविद्यालयका उपकुलपति
१९. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति
२०. कोशी प्रदेश प्रहरी कार्यालय प्रमुख
२१. सशस्त्र प्रहरी बल प्रदेश प्रमुख

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

२२. राष्ट्रिय अनुसन्धान कार्यालय प्रदेश प्रमुख

२३. जिल्ला समन्वय अधिकारी

२४. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू

२५. पर्यटन कार्यालय धरान र काँकडभिट्टाका कार्यालय प्रमुखहरू

२६. नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश समितिका अध्यक्ष

२७. सामुदायिक वन उपभोक्ता महासंघ, कोशी प्रदेश समिति अध्यक्ष

२८. नेपाल स्काउट प्रदेश प्रमुख

२९. नेपाल पर्यटन बोर्डका उपाध्यक्ष

३०. नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख

३१. प्रदेश खेलकुद विकास बोर्डका कार्यकारी प्रमुख

३२. प्रदेश लगानी प्राधिकरणका कार्यकारी प्रमुख

३३. नेपाल सरकार र प्रदेश सरकारद्वारा पर्यटन विकास र प्रवर्द्धनका लागि गठन भएका सम्पूर्ण विकास समितिका अध्यक्ष र कार्यकारी निर्देशकहरू

३४. नेपाल साना तथा घरेलु उद्योग महासंघ कोशी प्रदेश अध्यक्ष

३५. नेपाल उद्यमशील महिला महासंघ कोशी प्रदेश अध्यक्ष

३६. कोशी प्रदेश पर्यटन विकासका लागि कुनै सोधपत्र तयार गरी कुनै विश्वविद्यालय वा निकायमा पेस गरी विशिष्टकरण हासिल गरेका व्यक्तित्व

३७. पर्यटन विज्ञ तथा सांस्कृतिक अभियानकर्ता

३८. नेपाल पत्रकार महासंघ कोशी प्रदेश समिति अध्यक्ष

३९. नेपाल रेडक्रस सोसाइटी, प्रदेश समन्वय समिति अध्यक्ष

४०. नेपाल रेडक्रस सोसाइटी मोरङ्ग जिल्ला कार्यसमिति अध्यक्ष

४१. नेपाल राष्ट्र बैंक कोशी प्रदेश प्रमुख

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

४२. नेपाल बैंक लिमिटेड कोशी प्रदेश प्रमुख
४३. राष्ट्रिय वाणिज्य बैंक कोशी प्रदेश प्रमुख
४४. कृषि विकास बैंक कोशी प्रदेश प्रमुख
४५. कोशी प्रदेशमा अवस्थित अध्यागमन कार्यालय प्रमुखहरू
४६. कोशी प्रदेशका सबै भन्सार कार्यालय प्रमुखहरू
४७. कोशी टप्पु वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत
४८. मकालु राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत
४९. सगरमाथा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत
५०. कञ्चनजङ्गा संरक्षण क्षेत्र विकास समितिका अध्यक्ष
५१. पारहवन तथा गोदाम कम्पनीका प्रमुख
५२. नेपाल विद्युत प्राधिकरणका कोशी प्रदेश प्रमुख
५३. नागरिक उड्डयन प्राधिकरणका प्रमुख
५४. सहकारी संस्था लिमिटेड कोशी प्रदेश कार्य समिति
५५. गैर सरकारी संस्था महासंघ प्रदेश समिति अध्यक्ष
५६. नेपाल तालिम तथा रोजगार व्यावसायी महासंघ कोशी प्रदेश समिति
५७. आदिबासी जनजाती महासंघ कोशी प्रदेश समिति अध्यक्ष
५८. निर्माण व्यावसायी महासंघ कोशी प्रदेश समिति अध्यक्ष
५९. नेपाल उद्योग परिसंघ कोशी प्रदेश अध्यक्ष
६०. मोरङ्ग व्यापार संघ कोशी प्रदेश अध्यक्ष
६१. उद्योग संगठन मोरङ्ग अध्यक्ष
६२. नेपाल च्याम्बर अफ कमर्स कोशी प्रदेश अध्यक्ष
६३. कर्मसियल बैंक एसोसिएसन कोशी प्रदेश अध्यक्ष
६४. नेपाल यातायात व्यावसायी महासंघ कोशी प्रदेश अध्यक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय विराटनगर

६५. यातायात मजदुर संगठनका कोशी प्रदेशस्तरीय सबै समितिका अध्यक्षहरू

६६. होटल एसोसियसन अफ नेपाल केन्द्रीय र कोशी प्रदेश अध्यक्ष

६७. नेपाल पर्यटन तथा होटल व्यावसायी महासंघ केन्द्रीय अध्यक्ष

६८. नेपाल एसोसियसन अफ टुर एण्ड ट्राभल एजेन्टका केन्द्रीय र कोशी प्रदेश अध्यक्ष

६९. नेपाल पर्वतारोहण संघ (NMA) केन्द्रीय अध्यक्ष

७०. नेपाल पर्वतारोहण प्रतिष्ठान काठमाण्डौं अध्यक्ष

७१. Nepal Association of Rafting Agencies (NARA) केन्द्रीय र प्रदेश अध्यक्ष

७२. नेपाल पाराग्लाइडिङ्ग संघका केन्द्रीय र प्रदेश अध्यक्ष

७३. Tracking Agencies Association of Nepal (TAAN) केन्द्रीय र प्रदेश अध्यक्ष

७४. Pacific Asia Travel Association (PATA–Nepal Chapter) अध्यक्ष

७५. Pacific Asia Travel Association (PATA–Nepal Chapter) प्रदेश अध्यक्ष

७६. South Asian School of Tourism and Hotel Management, विराटनगर

७७. Home Stay महासंघ केन्द्रीय र कोशी प्रदेश अध्यक्ष

७८. हस्पिटालिटी कलेज एसोसिएसन अध्यक्ष

७९. पर्यटन तथा उडड्यन समिति अध्यक्ष (FNCCI) कोशी प्रदेश समिति

८०. नेपाल पर्यटन बोर्डमा कोशी प्रदेशबाट प्रतिनिधित्व गर्ने पूर्व सदस्यहरू

८१. नेपाल राष्ट्रिय पर्यटन व्यावसायी संगठन केन्द्रीय र कोशी प्रदेश अध्यक्ष
८२. नेपाल लोकतान्त्रिक पर्यटन व्यावसायी संघ केन्द्रीय र कोशी प्रदेश अध्यक्ष
८३. नेपाल वायु सेवा संचालक संघ अध्यक्ष
८४. गैरआवसीय नेपाली संघ (NRNA) अध्यक्ष
८५. Board of Airlines Representatives of Nepal (BARN) अध्यक्ष
८६. रेष्टुरेण्ट एण्ड बार एसोसिएसन अफ नेपाल केन्द्रीय अध्यक्ष
८७. हिसान कोशी प्रदेश अध्यक्ष
८८. एन प्याप्सन कोशी प्रदेश अध्यक्ष
८९. प्याप्सन प्रदेश अध्यक्ष
९०. नेपाल जेसिज राष्ट्रिय र कोशी प्रदेश अध्यक्ष
९१. फोटो पत्रकार संघ कोशी प्रदेश
९२. पर्यटन पत्रकार संघ कोशी प्रदेश
९३. रोटरी क्लव अफ नेपाल
९४. लायन्स क्लब डिष्ट्रिक्ट गभर्नेल
९५. साहारा नेपाल झापा
९६. जगत गुरु बालसन्त, मोहनशरण देवाचार्य
९७. जगत गुरु कृष्ण दासजी महाराज
९८. किरात धर्मगुरु आत्मानन्द लिङ्देन
९९. भागवत मञ्जरी राधिका दासी
१००. बुद्ध धर्म गुरु
१०१. मुस्लिम धर्म गुरु
१०२. क्रिष्टियन समाज प्रदेश अध्यक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

१०३. गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भएका कोशी प्रदेश निवासी सबै

१०४. नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा तोकिएका कोशी प्रदेशका सम्पूर्ण पर्यटन दुतहरू

१०५. नेपाल साहित्यिक पत्रकार संघका प्रदेश अध्यक्ष

१०६. नेपाल चिकित्सक संघ प्रदेश समिति अध्यक्ष

१०७. आँखा अस्पताल सञ्चालकहरू

१०८. नोबेल मेडिकल कलेज अध्यक्ष

१०९. बि.एम.सी मेडिकल कलेज अध्यक्ष

११०. मेची क्राउन होटल अध्यक्ष

१११. किंग्स बेरी होटल अध्यक्ष

११२. सोल्टी वेस्टईण्ड होटल अध्यक्ष

११३. भाटभटेनी सुपर मार्केट अध्यक्ष

११४. गोरखा डिपार्टमेन्ट स्टोर अध्यक्ष

११५. नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी निर्देशक कोशी प्रदेश

११६. प्रा.डा.सोम खतिवडा

११७. इतिहासविद युद्ध प्रसाद वैद्य

११८. कलाकार श्री विक्रमश्री, सुनसरी

११९. सगरमाथा आरोही विश्व कीर्तिमानी कामिरिता शेर्पा

१२०. अल्ट्राधावक मिरा राई

१२१. मास्टर सेफ सन्तोष साह

१२२. कोशी प्रदेशका कला, संस्कृति, गायन, चलचित तथा हाँस्यव्यङ्गयका क्षेत्रमा काम गर्ने कलाकारहरू

१२३. पर्यटन वर्षका लागि तोकिएका सदभावना दुतहरू।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

अनुसूची-२

(दफा १० को उपदफा (२) सँग सम्बन्धीत)

सचिवालयमा रहने कर्मचारीको विवरण

पद,नाम	तह/कार्यालय	संख्या	पदपूर्तिको प्रकृया
प्रदेश सचिव	मन्त्रालय	१	कामकाज
उपसचिव वा सो सरह	रा.प. द्वितीय (पर्यटन महाशाखा प्रमुख)	१	कामकाज
कार्यक्रम व्यवस्थापक	अधिकृतस्तर नवौं/उपसचिव	१	परामर्श सेवा
अधिकृतस्तरका कर्मचारी	शाखा अधिकृत / अधिकृत छैटौं/ सातौं/ आठौं सरह	३	कामकाज
व्यवस्थापन अधिकृत	सातौं	१	परामर्श सेवा
लेखा प्रमुख	अधिकृत छैटौं/सातौं/आठौं	१	कामकाज
सहायक कर्मचारी	चौथो/पाँचौ	२	कामकाज
कम्प्यूटर अपरेटर/ सूचना प्रविधि सहायक	पाँचौं	१	करार
हलुका सवारी चालक		३	कामकाज
कार्यालय सहयोगी		२	कामकाज
कार्यालय सहयोगी		१	करार
	जम्मा	१७	

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

अनुसूची-३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धीत)

पर्यटन वर्ष कार्यक्रम कार्यान्वयनका लागि प्राथमिकताका क्षेत्र

१. धार्मिक तथा कला संस्कृति पर्यटन, पदयात्रा पर्यटन, खेल पर्यटन, साहसिक पर्यटन,

२. पर्यटन वर्ष लक्षित विभिन्न मेला/महोत्सव/दिवस/समारोह आयोजना,

३. प्रचारप्रसार (अनलाइन, छापा, ब्लग, विद्युतीय माध्यम, सामाजिक संजाल, सद्भावना दुतमार्फत),

४. प्रचार प्रसार सामग्री उत्पादन, वितरण तथा उपयोग,

५. पर्यटन प्रवर्धनात्मक अन्तरप्रदेश, राष्ट्रिय तथा अन्तर्देशीय भ्रमण,

६. विविध ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

अनुसूची-४

(दफा १२ को उपदफा (१) सँग सम्बन्धीत)

बैठक भत्ता र यातायात खर्च

क्र.सं.	सुविधाको प्रकार	इकाई दर	सुविधा रकम रु.
१.	समितिको बैठक भत्ता	प्रति बैठक	सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम ।
२.	उप-समितिको बैठक भत्ता	प्रति बैठक	
३.	दैनिक तथा भ्रमण भत्ता	प्रतिदिन	भ्रमण खर्च नियमावली, २०६४ बमोजिम ।
४.	यातायात खर्च (सचिवालयको आमन्त्रणमा बैठक वा सचिवालयको काममा आउने सहभागीको बसोबासको जिल्लाको हकमा)	प्रति पटक	सुनसरी - रु. ५०० झापा - रु. १००० इलाम, धनकुटा र उदयपुर - रु. २००० बाँकी रहेका जिल्लाका हकमा - रु. ३०००

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर

द्रष्टब्यः १. बैठक बस्ने जिल्ला मोरङलाई आधार मानी उल्लेखित यातायात खर्च तय गरिएको छ। मोरङ जिल्ला बाहेक अन्यत्र जिल्लाहरूमा बैठक बस्दाका बखत उल्लेखित यातायात खर्चमा हेरफेर हुने।

२. दैनिक भ्रमण भत्ता नलिएकाको हकमा खाना बापत प्रतिव्यक्ति प्रति दिन पाँच सय र खाजा बापत दुई सय रुपैयाँसम्म खर्च गर्न सकिने।
३. दैनिक तथा भ्रमण खर्च पाउने वा सार्वजनिक पद धारण गरेका व्यक्ति, सरकारी सवारी साधन उपयोग गर्ने पदाधिकारीलाई यातायात खर्च उपलब्ध नहुने।
४. निर्देशक समितिमा रहने सदस्यलाई सह-सचिव सो सरह र उपसमितिमा रहने सदस्यलाई उप-सचिव सो सरहको दैनिक भ्रमण भत्ता प्रदान गर्न सकिने।

प्रमाणीकरण मितिः- २०८२/०८/१२

आज्ञाले,
डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर